नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समितिका

अध्यक्ष श्री शम्भु बहादुर कार्की

सदस्य श्री मणिरत्न तुलाधर

सदस्य श्री हेमराज गौतम

बाट भएको निर्णय

२०६६/६७ सालको निर्णय नं. ३

विवाद नं. ३ /०६६/६७

विवादः- सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९ बमाजिम निर्णयको पुनरावलोकन गरि पाउँ ।

डि.एम.एस.बुट इण्डष्ट्रिज (प्रा.)लि.बलम्बु काठमाण्डौका प्रवन्ध संचालक दिपेन्द्र थापा.................................................................................पुनरावलोकनकर्ता
निवेदक

विरुद

नेपाली सेना, संभाररथी विभाग (प्राप्ती) जंगी अड्डा, काठमाण्डो नेपाल............................ प्रत्यार्थी,
विपक्षी

शुरु निर्णय गर्ने सार्वजनिक निकाय प्रमुख :- संभार रथी विभाग प्राप्ती प्रमुख ।

नेपाली सेना संभार रथी विभाग प्रमुखले गरेको निर्णय आदेशमा चित्त नबुझि पुनरावलोकनको लागि परेको निवेदन र सार्वजनिक निकाय प्रमुखबाट प्रतिकृया सहित पेश भएको प्रस्तुत विवादको तथ्य यस प्रकार रहेको छ ।

**तथ्य खण्डः**

नेपाली सेनाको लागि आवश्यक पर्ने डि.एम.एस.बुट लगायतका सामानहरुको लागि २०६६।८।१७ मा सिलबन्दी बोलपत्र आव्हान भए अनुसार पर्न आएका बोलपत्रहरु दर्ता भई कारवाही अगाडी बढेको देखिन्छ ।

प्रकाशित सूचना अनुसार दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु मुल्यांकन समिति र उपस्थित बोलपत्र दाताहरुको रोहवरमा २०६६।९।१७ गते खोलिएको देखिन्छ । यसरी खोलिएका बोलत्रहरुको मुल्यांकन समितिबाट छानविन भई पेश भएका नमूनाको समेत प्राविधिक परिक्षण गरि प्राविधिक प्रतिवेदन प्रा.सह सेनानी दुर्गा बहादुर महतको अगुवाइमा सबै बोलपत्रदाताको प्रष्ट पहिचान नदिई संकेत चिन्ह दिई नमूना परिक्षण भएको देखिन्छ । संकेत अनुसार यि निवेदकको नमूना संकेत ( विकाश) भन्ने देखिन्छ । सबै बोलपत्रदाताहरुको नमूना केवल संकेतबाट मात्र पहिचान हुने व्यवस्था भएको पाइन्छ । पेश भएका प्रत्येक नमूनाहरुको आन्तरिक परिक्षण हुंदा यि निवेदकबाट पेश भएको

नमूनाको छाला स्तरिय नभएको, आइलेटहरु कमजोर भएको, मोडलिङ्ग कमजोर भएकोले बुट भित्र पानी छिरेको, नोखको छाला स्तरिए नभएको, नोख किच्चिएको, सोल खिइने, नाइलनको लेश नभएको, बुट पालिस नलाग्ने, नटल्कीने, खपत अवधि समेत टिकाउ नहुने हुंदा प्राविधिक पक्ष स्वीकार्य नभएको भन्ने उल्लेख भएको पाइन्छ ।

यसै प्राविधिक प्रतिवेदनलाई आधार बनाई मुल्यांकन समितिले यि निवेदक लगायत ७ प्रस्ताव मध्ये ६ वटा प्रस्तावलाई प्राविधिक रुपमा नै स्वीकार गर्न नमिल्ने भनि संकेत देवी नामक जय शालिना इन्टरप्राइजेज काठमाण्डौको बोलपत्र प्राविधिक रुपले स्वीकार्य भएको भनि रमेशचन्द्र न्यौपाने लेखा प्रमुख सेनानीको अगुवाईमा आर्थिक प्रतिवेदन पेश भएको देखिन्छ । पेश भएका प्राविधिक र आर्थिक प्रतिवेदन समेतलाई आधार मानी पेश भएका जयसालिना इन्टरप्राइजेज काठमाण्डौ बाहेकका अरु बोलपत्रहरु सावर्जनिक खरिद ऐन २०६३ को दफा २३ (२) को खण्ड (घ) बमोजिम शर्त पुरा नगरेकोले ऐ को दफा २४ को खण्ड (घ) बमोजिम कारवाही गर्न नमिल्ने, जयसालिना इन्टरप्राइजेजले सबै शर्त पुरा गरेकोले ऐ दफा २५(१) बमोजिम मुल्यांकनको लागि समावेश गरि उक्त बोलपत्र छनौट गर्नु पर्ने भनि मुल्यांकन समितिबाट सिफारिस भएको देखिन्छ । सोही सिफारिस अनुसार सारभूत रुपमा प्रभावग्राही  ठहर गरि आशयपत्र समेत दिई सकेकोमा यि निवेदकले कम कवोल अंक भएको स्वदेशी उद्योगबाट उत्पादित बुटलाई आफ्नै तरिकाले परिक्षण गरि निवेदक प्रा.लि.को बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही नभएको भन्ने उक्त मुल्यांकन प्रकृया त्रुटी पूर्ण रहेको भनि निवेदन पेश गरेकोले सो मुल्यांकन प्रकृया निलम्बनमा राखी सार्वजनिक खरिद ऐन, नियम र बोलपत्रको शर्त बमोजिम पुनः मुल्यांकन गरि पेश गर्न सार्वजनिक निकाय प्रमुखबाट आदेश भएको देखिन्छ ।

पुनः मुल्यांकन गर्ने क्रममा यि निवेदक कम्पनी र बोलपत्र छनौटमा परेको बोलपत्रदाता जयसालिना इन्टरप्राइजेजबाट पेश भएका नमूना बुटहरु र बोलपत्र आव्हान गर्दा उल्लेख भएको बुटको Specification समेत पठाई नेपाल गुणस्तर तथा नापतौल विभागका विज्ञबाट परिक्षण गर्दा तोकिएको Specification मा लेस नाइलनको हुन पर्ने तथा Leather Coated Insole हुन पर्नेमा निवेदकले बोलपत्रसाथ पेश भएको नमूना बुटमा Lace Other than nylon, insolematerial callular, Fibreboard र Innerling material coated foam देखिएको व्यहोरा नेपाल गुणस्तर तथा नापतौल विभागको मिति २०६६।१२।१३ को परिक्षण प्रतिवेदनमा देखिन्छ ।

समितिले पुनः मुल्यांकन गर्नु अघि परिक्षण गर्दा निवेदक र जयसालिना इन्टरप्राइजेज बाहेकबाट पेश गरेका बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) घ बमोजिमको शर्तहरु पुरा नगरेका साथै डि.एम.एस बुट प्रा.लि. बलम्बुले सोही ऐनको दफा २३ (२)(घ), र ३(क) र कम्पनी ऐन २०६३ को दफा ९५को उपदफा ३ को शर्त पुरा नगरेको हुंदा उक्त बोलपत्रहरु उपर ऐ दफा २४(घ) बमोजिम कारवाही गर्न नमिल्ने भएको र जयसालिना इन्टरप्राइजेजले पेश गरेको बोलपत्रले सबै शर्त पुरा गरेकोले ऐ दफा २५(१) बमोजिम मुल्यांकनको लागि समावेश भएकोमा परिक्षण तथा मुल्यांकन गरि ऐ. ऐ. दफा २७ र ऐ. नियमावली को नियम ६४ को उपनियम २ बमोजिम जयसालिना इन्टरप्राजेजको बुट खरिद गर्न मुल्यांकन समितिले सिफारिस गरेको र सार्वजनिक निकाय प्रमुखले सोही मुल्यांकनलाई समर्थन गरि जयसालिना इन्टरप्राइजेजले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको हुंदा सो बोलपत्र छनौट गर्ने आशय पत्र मिति

२०६६।१२।१८ मा जयसालिना इन्टरप्राइजेज काठमाण्डौलाई दिइ सोको जानकारी यि निवेदक बोलपत्रदाता लाई समेत दिइएको देखिन्छ ।

सार्वजनिक निकायले दिएको २०६६।१२।१८ को आशय पत्रको जानकारी पाएपछि निवेदक डि.एम.एस.बुट इण्डष्ट्रिज प्रा.लि. बलम्बुको पुनरावलोकन गरि स्वदेशी उद्योगबाट उत्पादित उधोगको कम मुल्यवाला बोलपत्र छनौट गरि पाउँ भनि यस समितिमा निवेदन पर्न आएको देखिन्छ ।

उक्त निवेदनमा प्रभावग्राही मानेको जयसालिना इन्टरप्राइजेज स्वदेशी उद्योग नभएको, भारतीय बजारबाट ल्याएर आपूर्ति गर्ने गरि बोलपत्र पेश गरेको, फर्म हो । निवेदकको डि.एम.एस.बुट इण्डष्ट्रिज स्वदेशमा नै दर्ता भई बुटको डिजायनको प्रमाण पत्र समेत पाई ५/६ वर्ष देखि नेपाली सेना लगायतलाई बुट आपूर्ति गर्दै आएको उद्योग हो । २०५८।५९ देखि नियमित रुपमा यस उद्योगसंग नेपाली सेनाले बुट खरिद गर्दै आएकोमा हाम्रो उत्पादनको गुणस्तर खराब रहेको भनि कहिल्यै पत्राचार नगरेको यस उद्योगको नमूनालाई गुणस्तर परिक्षणको लागि स्वतन्त्र र सक्षम निकायमा नपठाई आफ्नै तरिकाले परिक्षण गरि बुटको गुणस्तर ठिक छैन भनेकोमा पुनरावलोकनको लागि सोही निकायमा निवेदन परेपछि मात्र गुणस्तर परिक्षणको लागि पठाएको भए पनि ठोस कारण विना नै सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२)(घ) बमोजिम यस विभागको स्पेशिफिकेशन अनुसार नभएकोले सारभूत रुपमा प्रभावग्राही नदेखिएको भनि उही प्रति जोर २०९।- रुपैया मंहगो भारतीय एलेक्स बुटलाई प्रभावग्राही भनि आशय पत्र पठाईनु र छनौट प्रकृयामा आफ्नो दुराशय छैन भने भ्रम श्रृजनाको लागि मात्र नेपाल गुणस्तर तथा नापतौल विभागमा पठाएको प्रष्ट हुन्छ । साथै हाम्रा उत्पादन नेपाल गुणस्तर तथा नापतौल विभागबाट परिक्षण गराई गुणस्तर युक्त भएको प्रमाण सहित पेश गरेकोमा अहिले स्पेसिफिकेशन अनुरुप नभएको भनि करौडौ मंहगो बोलपत्र स्वीकृत गर्न लागि पर्नुले नेपाली सेनाको दुर्नियत छर्लङ्ग भएको छ ।

सार्वजनिक खरिद नियम २०६४ को नियम २५ मा बोलपत्रदाताका योग्यताका प्राविधिक क्षमतालाई विचार गरि निर्धारण गर्नु पर्ने उल्लेख छ । यस निवेदक कम्पनीको आफ्नै कारखाना भई आफै उत्पादन गर्ने, आपूर्ति गर्ने र खास अवधिसम्म उपयोग गर्न सकिने प्रत्याभूति दिन सक्ने र मर्मत सम्भारको व्यवस्था समेत भई सम्पूर्ण दृष्टिकोणबाट योग्य रहेकोमा विदेशी उत्पादनलाई छनौट गर्नुमा आधार नभएको ।

यस उद्योगबाट उत्पादिन डि.एन.एस.बुटको डिजायन “पेन्टेण्ट डिजाइन र ट्रेडमार्क दर्ता भई यस उद्योगको सम्पत्ति कायम रहि सोमा यस उद्योगको मात्र हक हुनेमा सो को हुबहु नक्कल गरेर बुट तयार गरि जयसालिना इन्टरप्राइजेजले पेश गरेको त्यस्तो नमूनालाई प्रभावग्राही घोषित गर्नु त्रुटिपूर्ण रहेको ।

स्वदेशी उद्योगको उत्पादन विदेशीको तुलनामा १० प्रतिशतसम्म महंगो भएपनि स्वदेशी खरिद गर्नु पर्ने नियमको व्यवस्थामा आ.ब. २०६५।६६ मा मन्त्री परिषदको निर्णयबाट १५ प्रतिशत बढि भएपनि खरिद गर्नु पर्ने निर्णय गरिएकोमा उल्टो रु.२०९।- रुपैया प्रति जोर महंगो विदेशी उत्पादनलाई प्रभावग्राही घोषित गरिनु दुराशय र ऐन नियम विपरित छ ।

उद्योगपतिले बोलपत्रदाताको हैसियतले हस्ताक्षर गरि पेश गरेको बोलपत्र खोलुवामा सहभागी भएर सहिछाप गरेको सो अवस्था अख्तियारी पत्रको आवश्यकता भए किन निर्वाध रुपमा सहभागी

बनाइयो । यस्तो सारहिन र मूल्य विहिन विषयलाई बढाइचढाई गरि मंहगो मुल्यको बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही देख्नु नियोजित दृष्टि दोष हो ।

बोलपत्र आव्हान गर्दा खुलाइएको स्पेशिफिकेशनमा उल्लेख कुन चाही बुंदामा के कति हदसम्म नमूना भिडे नभिडेको देखिन्छ । सोही अनुरुप Waitage average निकालेर बुटमा प्रयोग गरिएका प्रत्येक सामानहरुको गुण देषको तुलनात्मक रुपमा मुल्यांकन गरि Waitage average पद्धतीका आधारमा फरक निर्धारण गरेर मात्र अन्तिम निर्णय हुन पर्दछ । सानातिना फरक पाइएमा सम्भव भएसम्म सोको मुल्यांकन निकाली बोल अंकको १५ प्रतिशत भन्दा बढि भए मात्र त्यस्तो बोलपत्र सारभूतरुपमा प्रभावग्राही नरहेको मान्नु पर्ने भन्ने सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को (२) र (३) मा उल्लेख भएको हुंदा बोलपत्र मुल्यांकन गर्दा सवै कुराको आधार मानेर हुनु पर्नेमा त्यस्तो नभएको आभाष हुन्छ भन्ने समेत पुनरावलोकन निवेदन गरि पाउँ भन्ने निवेदनमा उल्लेख भएको पाइन्छ । निवेदक डि.एम.एस.बुट प्रा.लि. बलम्बुको यस समितिमा पुनरावलोकनको लागि निवेदन पर्न आएपछि सो निवेदन माग बमोजिम हुन पर्ने नपर्ने के हो आफ्नो प्रतिकृया सहित खरिद सम्बन्धित कागज समेत पठाउन सार्वजनिक निकाय नेपाल सेना संभार रथी विभाग ( प्राप्ती) संग मिति २०६६।१२।२५ मा माग भै गएको देखिन्छ । सार्वजनकि निकायबाट प्रतिकृया सहितको कागजात प्राप्त हुन आएको छ । मुल्यांकन समितिले २०६६।११।१२ मा गरेको मुल्यांकनमा चित्त नबुझाई सार्वजनिक निकाय समक्ष निवेदन दिएकोमा खरिद कारवाही तत्काल निलम्बन गरि पुनः छानविन गरि मिति २०६६।१२।१६ मा मुल्यांकन भएकोमा चित्त नबुझेको भए सार्वजनिक निकाय समक्ष नै निवेदन दिनु पर्नेमा सार्वजनिक निकायको क्षेत्राधिकार छली पुनरावेदकिय क्षेत्राधिकार मात्र ग्रहण गर्ने निकायमा निवेदन दिएकोले क्षेत्राधिकार विहिन निवेदन खारेज गरिपाउँ ।

निवेदकले पेश गरेको नमूना बोलपत्र शर्तमा उल्लेखित स्पेशिफिकेशन अनुरुप नभई दफा २३(२) घ बमोजिमको योग्यता नै नपुगेको हुंदा आफ्नो बोल अंक कम भएको भनि लिएको दावी उल्लेखित दफा प्रतिकुल भई खारेज भागी छ ।

निवेदकको यस निकायामा निवेदन परी निजको माग बमोजिम नै नेपाल गुणस्तर तथा नापतौल विभागमा गुणस्तर परिक्षणको लागि पठाएकोमा निवेदक कम्पनीले पेश गरेको नमूना बोलपत्र शर्तमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन अनुसार भएको नपाइएकोले नेपाली सेनालाई दोषारोपन गर्ने उद्देश्यले मात्र दिएको निवेदन खारेज भागी छ । नेपाली सेनाको विभिन्न युनिटबाट आएका प्रतिवेदनबाट समेत गुणस्तरिय भएको भन्ने पुष्टि हुन सकेको छैन ।

पेटेन्ट राईट सम्बन्धि निवेदक कम्पनीको हक सुरक्षति हुंदाहुंदै नेपाली सेनाको क्षेत्राधिकार भित्र नपर्ने पेटेन्ट राइट सम्बन्धि कुरालाई खरिद प्रकृयामा जोड्न नमिल्ने हुंदा निवेदन निरर्थक छ ।
विदेशीको तुलनामा स्वदेशी उत्पादन मंहगो भए पनि खरिद गर्नु पर्ने भन्ने व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (२) २४ र २५ विपरित प्रयोग हुन सक्ने अवस्था नरहेको । ऐनको दफा २३(२) बमोजिम योग्यता नपुगेका निवेदक कम्पनीबाट पेश भएको बोलपत्रको सन्दर्भमा निवेदन जिकिर औच्त्यिहिन रहेकोले खारेज भागी छ ।

निवेदक कम्पनी, कम्पनी ऐन बमोजिम स्थापित एक भन्दा बढी संचालकहरु रहेको प्राइभेट लिमिटेड कम्पनी भएकोले कम्पनी ऐन २०६३ को दफा ९५(३) को व्यवस्था पालना गर्नु नपर्ने भन्ने अवस्था नरहेकोले उक्त कम्पनीको कम्पनी ऐन २०६३ को दफा ३ को प्रकृया पुरा गरि कम्पनीको तर्फबाट

खरिद प्रकृयामा भाग लिन अधिकार प्रत्यायोजन भएको कागज पेश नगरेको हुंदा कम्पनीको अख्तियारी विना कम्पनी संचालकहरु मध्ये एक जना संचालकबाट पेश भएको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) (ख) र ऐ.ऐ.(३) क बमोजिम पूर्ण नभएकोले निवेदक कम्पनीको बोलपत्र ऐ.ऐ. दफा २४(घ) बमोजिम मुल्यांकनमा समावेश गर्न नमिल्ने ।

सेनामा बुट मौज्दात नभएको फौजको लागि दैनिक परेड, डयूटी र संयुक्त र राष्ट्र संघको आव्हानमा जांदा प्रयोग गर्ने बुटको खरिद संग सम्बन्ध भएको हुंदा हाललाई खरिद प्रकुया यथावत राखिएको भन्ने व्यहोरा समेत प्रतिकृयामा उल्लेख भएको देखिन्छ ।

## समितिबाट भएको अध्ययन एवं प्रष्टाई :

यस समितिमा पर्न आएको निवेदन र माग भएका प्रतिकृया सहित कागजातहरुको अध्ययन गरि पर्न आएका बोलपत्र र सो साथ पेश भएका नमूना बुटको परिक्षण भई परिक्षण मुल्यांकनबाट औल्याएका गुणदोष र विगतमा आपूर्ति भएका बुटहरुको प्रयोग गर्नेहरुबाट लिइएको गुणदोष लगायत सार्वजनिक नियकाले तयार गरेको बुटको स्पेशिफिकेशन सम्बन्धमा सार्वजकि निकायका सम्बद्ध पदाधिकारीहरुसंग छलफल गरी जानकारी लिईएको थियो । छलफलको क्रममा नमूना बुटको आन्तरिक परिक्षण छाला सम्बन्धि युनिट विज्ञबाट भई नमूना बुटको गुण दोषको पहिचान गरिएको र विगतमा आपूर्ति भएका बुटहरु सम्बन्धमा गुनासाहरु आइरहेकाले बास्तविक के छ भनि प्रयोगकर्ताहरुबाट बुझ्ने कार्य भएको हो । यि निवेदकले विगत वर्षमा आपूर्ति गरेको बुटको गुणस्तर कमजोर रहेको प्रयोग कर्ताको प्रतिवेदनबाट पनि प्रष्ट भएको छ । बोलपत्रको शर्त साथ उपलव्ध स्पेशिफिकेशनमा परिमार्जन गर्नु पर्नेछ भन्ने लागेको छ । परिमार्जन वा परिवर्तन नभएसम्म यसलाई नै आधार बनाई खरिद कारवाही गर्नु पर्दछ भन्ने हाम्रो प्रतिवद्धता छ भन्ने सार्वजनिक निकायका पदाधिकारीले समितिमा उपस्थित भै छलफलको क्रममा उल्लेख गर्नु भयो ।

निवेदक कम्पनीबाट पेश भएको नमूना बुट र स्पेशिफिकेशन वीचको भिन्नता, निवेदक बोलपत्रदाताले कम्पनीको तर्फबाट बोलपत्र पेश गर्न अधिकार पत्र नपाएको भन्ने र विगत वर्ष देखि बुट आपूर्ति गर्दै आएका बुटको गुणस्तर सम्बन्धमा निवेदक कम्पनीका सम्बद्ध पदाधिकारीहरु संग छलफल गरि जानकारी लिइएको थियो । छलफलको क्रममा निवेदकहरुबाट पेश भएको नमूना र स्पेशिफिकेशनमा उल्लेख बुंदामा नेपाल गुणस्तर तथा नापतौल विभागको परिक्षणबाट जुत्ताको लेस नाइलन हुनु पर्नेमा Other than nylon, भएको Leather board insole हुनु पर्नेमा Cellular Fiber Board insole भएको तथ्य उपस्थित पदाधिकारीले स्वीकार गर्नु भएको थियो । बुटको लेस नाइलन भन्ने उल्लेख भए भनि नाइलन लेस कस्दा राम्रोसंग नकसिने एक छेउबाट छुटेमा पुरै लेस बेकम्मा हुने र शुद्ध नाइलन बाहेकको लेस केही मंहगो भएपनि स्वदेशमा नै उत्पादन भएको र टिकाउ पनि भएकोले नाइलन बाहेकको लेस भएको नमूना समावेश गरेको हो ।

Leather Board Insole धेरै अगाडीको ढाँचा हो । बुटको गुणस्तर सुधार हुदै जांदाको क्रममा Leather Board भन्दा Cellular Fiber Board . हलुका र चिसोपनलाई पनि रोक्ने, दुर्गन्धी पनि नहुने भएकोले Cellular हाम्रो नमूनामा राखिएको हो । यो नमूनाबाट गुणस्तरमा कुनै कमि छैन अझ स्तरिय छ ।

यो कम्पनीको संचालक मध्येकै म बोलपत्रदाता एक भएकोले मैले प्रवन्धक संचालकको हैसियतले आफैले सहि गरि बोलपत्र बुझाएको र बोलपत्र खोल्दा पनि आफै उपस्थिति भई खोलिएको र

मैले सहि गरेको छु । यदि कम्पनीको तर्फबाट छुट्टै अधिकारपत्र चाहिने भए त्यस बखतमा नै यो कुरा उठाउनु पर्ने थियो । यो केवल एउटा निउ मात्र हो भन्ने कुरा निवेदक स्वयम र कम्पनीको तर्फबाट उपस्थित कम्पनीका पदाधिकारीले छलफलको क्रममा उल्लेख गर्नु भयो ।

**समितिको ठम्याई र निर्णय** :
समितिमा प्राप्त कागजातको अध्ययन र सम्बन्धित पदाधिकारीहरुसंग भएका छलफल समेतबाट अरु बुझि रहनु पर्ने नदेखिएकोले पुनरावलोकन तर्फ विचार गर्दा यि निवेदक स्वदेशी बुट उत्पादक कम्पनी भएको र विगतका वर्ष देखि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र समेतका सुरक्षा निकायमा बुट आपूर्ति गर्दै आएकोमा विवाद देखिदैन । प्रस्तुत विवादमा आएको बोलपत्र आव्हान भएपछि यि निवेदक लगायत का आपूर्तिकर्ताहरुबाट नमूना सहितको बोलपत्र दर्ता भएकोमा पनि विवाद देखिएन् । प्राप्त बोलपत्रहरु खोलिएपछि बोलपत्रहरुको छानविन र पेश भएका नमूनाको परिक्षण आन्तरिक रुपमा गठित मुल्यांकन समितिबाट भएको देखिन्छ । सो समितिमा एक जना प्रा.सह.सेनानी दुर्गा बहादुर महते पनि रहेको पाइन्छ । निज सह सेनानी छाला विभागमा कार्यरत विज्ञ हुन र निजले भएका प्रविधि प्रयोग गरि परिक्षण गर्दा बुटको गुण दोष देखिएको भन्ने छलफलको क्रममा प्रष्टाई भएको छ । तर आन्तरिक रुपमा पनि छाला विज्ञ भएको भन्ने कुरा बोलपत्र सूचना र बोलपत्रको शर्तमा कतै उल्लेख भएको देखिदैन । आन्तरिक रुपमा परिक्षण गरि गुणदोष पहिचान गरेकोमा निवेदक कम्पनीलाई चित्त नबुझेको कुरामा आफ्नो जिकिर सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७(१) अनुसार पुनरावलोकन लागि सार्वजकि निकाय प्रमुख समक्ष निवेदन दिएपछि सार्वजनिक निकायले सक्षम एवं स्वतन्त्र निकाय नेपाल गुणस्तर तथा नापतौल विभागमा जांच गर्न पठाएको देखिन्छ । जांच गर्न पठाएको यस कार्यबाट स्वयंम सार्वजनिक निकायले पनि आन्तरिक प्रविधिबाट मात्र भएको जांच अप्रर्याप्त रहेको महसुस गरेको पाइन्छ । यिनै निवेदक उत्पादक कम्पनीले विगतका वर्षमा आपूर्ति गरेका बुटहरु राम्रो वा नराम्रो सम्बन्धमा प्रयोग कर्ताबाट नै बुझ्ने कार्य गरेको देखिन्छ । बुट आपूर्तिको लागि बोलपत्र आव्हान भै बोलपत्र खोलिएपछि बुझिएका विभिन्न सेना इकाईहरुबाट प्राप्त प्रतिवेदनहरु जतिसुकै यथार्थ भएपनि चालु खरिदको आधार बनाइनु न्यायोचित हुंदैन । मुल्यांकनकर्ताले पनि यस्ता प्रतिवेदनमा उल्लेख गुण दोषलाई मुल्यांकनको मुख्य आधार बनाउन सकेको पनि देखिदैन । केवल भएको मुल्यांकनको पुष्टिको रुपमा मात्र स्वीकार गरेको देखिन्छ ।

खरिद प्रकृयामा पेश भएको बुटको आन्तरिक प्रविधिबाट भएको मुल्यांकन नतिजाको बुंदाहरु निर्धारित Specification को १ देखि ८ सम्मका कुन बुंदासंग सम्बन्ध हुने भन्ने प्रष्ट रुपमा कतै खुल्दैन । बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले जुन Specification लाई मान्यता दिई बोलपत्र आव्हान गरि शर्त तोकि दिएको हुन्छ । सोही सूचना र शर्त स्वीकार गरि बोलपत्र र नमूना पेश गर्ने बोलपत्रदाता र सार्वजनिक निकायका लागि सोही Specification स्वीकार गर्नु बन्धनकारी हुन्छ । Specification मा परिवर्तनबाट संशोधन नभएसम्म अन्य गुण दोषको कुरा उठाई Specification भन्दा बाहिर जानु मिल्दैन । असान्दर्भिक समयमा गुण र दोषको उठाएका तर्क वितर्कले पछिका दिनमा उठेका विवादलाई सघाउ पुग्न सक्ने भए पनि उठि सकेको विवादलाई सघाउ पुग्दैन । तसर्थ प्रस्तुत विवादका सम्बन्धमा कायम रहेको Specification लार्य नै मुल्यांकनको मूल आधार मान्नु पर्ने हुन्छ । स्वयंम निवेदकले बोलपत्रसाथ पेश गरेको नमूना बुटको पूर्ण विवरणमा बुटको लेस नाइलन भन्ने उल्लेख गरेको देखिन्छ । तर सोही बोलपत्र साथ नमूनाको रुपमा पेश गरेको बुटमा नाइलनको लेस राखेको देखिदैन । नाइलन लेस नचाहिने भए बुट जुत्ताको पूर्ण विवरण दिदां नाइलन लेस भएको देखाउन पर्ने थिएन ।

यि निवेदकले बोलपत्रसाथ पेश गरेको उद्योग दर्ताको प्रमाण पत्रको प्रतिलिपि हेर्दा विराट सू इण्डष्ट्रिजको नाउँमा २०५७।४।२३ मा दर्ता भएको यो उद्योगको शेयरधनी समेत परिवर्तन हुदै २०६६।७।२० मा उद्योगको नाम डि.एम.एस.बुट इण्डष्ट्रिज प्रा.लि. र शेयर होल्डरमा सोनामा ग्याछो र दिपेन्द्र थापा कायम भएको देखिन्छ । यसबाट यि निवेदक उक्त उद्योगको शेयरधनी मध्येका एक व्यक्ति रहेको भन्ने देखिन्छ। शेयरधनी यि दिपेन्द्र थापाले आफ्नो नागरिकताको फोटो राखी बोलपत्रमा सहि गरि बोलपत्र पेश गरेको देखिन्छ । बोलपत्र दाखिल गर्न अधिकार पाएका र सो अधिकार पत्र समेत पेश नगरेको हुंदा निजको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) ख र (३) क अनुसार पूर्ण नभएको भन्ने सार्वजनिक निकाय प्रमुखको निर्णयमा उल्लेख भएको पाइन्छ । यिनै निवेदक दिपेन्द्र थापालाई यस समितिमा पुनरावलोकनको लागि कम्पनीको तर्फबाट निवेदन दिन अधिकार प्रदान गरिएको छ भनि कम्पनीका संचालक अध्क्षय सोनाम ग्याछोले मिति २०६६।१२।२२ मा अधिकार पत्र दिएको देखिएको समेतबाट कम्पनी तर्फबाट गरिने काम कारवाहीको लागि अधिकार प्रत्यायोजन भएको कागजात नचाहिने भन्न मिल्दैन निवेदकले पुनरावलोकनको लागि दिएको निवेदनको प्रकरण ८ मा उल्लेख गरे जस्तै मूल्यहिन विषय भन्न मिल्दैन । यस्तो अधिकार पत्रको औचित्य र महत्व आफ्नै ठाउँमा रहन्छ । अधिकार प्रत्यायोजन गरेको पत्र बोलपत्र साथ नभएको कुरा बोलपत्र खोल्दाको अवस्थामा उठाईने मुचुल्कामा प्रष्ट उल्लेख गर्नु पर्दछ । तर कतै उल्लेख भएको देखिएन । त्यति नै बेला उल्लेख भएको भए कागजात नपुग भएको कुरा सबैलाई समयमा नै महसुस हुने थियो । बोलपत्र खोल्दा कै अवस्थामा कैफियत नजनाउनुबाट सार्वजनिक निकायको बोलपत्र छानविन कार्यमा परिपक्कता देखिएन ।

यि निवेदकले कम्पनी तर्फबाट पेश भएको बोलपत्र साथ पेश गर्नु पर्ने अख्तियारीपत्र पेश नभएकोले बोलपत्र पूर्ण नभएको र बोलपत्र साथ पेश भएको नमूना बुट माग गरिएको Specification अनुरुप नभएकोले सारभुत रुपमा प्रभावग्राही  हुन नसकेकोले निवेदकको बोलपत्र प्राविधिक रुपमा नै स्वीकार्य नभएकोमा स्वदेशी उत्पादन विदेशी उत्पादनको तुलनामा महंगो भएपनि खरिद गर्नु पर्ने र कम मुल्य दररेटको बोलपत्र स्वीकार हुन पर्ने भन्ने निवेदकको निवेदन जिकिर औचित्य पूर्ण देखिन आएन । निवेदकले उठाएको पेटेन्ट राईट सम्बन्धि विवाद प्रस्तुत पुनरावलोकनबाट निक्यौल हुने विषय नभएकोले त्यस तर्फ समितिले प्रवेश गर्न परेन । बुटको गुणस्तर सम्बन्धमा आन्तरिक रुपमा भएको परिक्षणमा चित्त नबुझी निवेदकले सार्वजनिक निकाय समक्ष निवेदन दिएपछि नेपाल गुणस्तर तथा नापतौल विभागमा जांच गर्न पठाई जांच भै आएपछि माग भएको Specification अनुरुप नभएको समेत भनि प्राविधिक रुपमा नै छनौट हुन नसकेको ठहराई सार्वजनिक निकायले गरेको निर्णय प्रकरण (क) र (ख)कानून सम्मत नै देखिन्छ ।  उक्त निर्णयमा परिवर्तन गर्नु पर्ने देखिदैन । निवेदकको माग दावी पुग्न नसक्ने ठहर्छ ।

बोलपत्र खोली कारवाही अधिबढि सकेपछि विगतमा आपूर्ति गरिएका बुट जुत्ता उपभोग गर्नेहरुबाट बुटको गुण दोषका सम्बन्धमा राय सुझाव माग गरी  सो सुझावलाई प्रस्तुत बोलपत्रसाथ पेश भएको नमूना परिक्षणबाट देखिएको तथ्य पुष्टिको आधार बनाई गरेको निर्णयको प्रकरण (ग) को बुंदासंग सहमत हुन सकिएन । उक्त बुंदा अमान्य हुने ठहर्छ ।

आयन्दा बुटको गुणस्तर समेतलाई समेट्न सक्ने गरि सम्बन्धित विज्ञ समेतको राय लिई गुणस्तरिय, पारदर्शि एवं प्रष्ट Specification तयार गर्नु र सो को जानकारी सार्वजनिक खरिद तथा अनुगमन कार्यालयलाई समेत पठाउनु भनि लेखि पठाई दिने समेत ठहर्छ ।

**<u>तपसिल</u>**

१. निवेदन माग दावी पुग्न नसकेकोले निवेदकले राखेको जमानत मध्ये कानून बमोजिम कायम हुने रकम सम्म जफत हुन्छ। कानून बमोजिम गर्नु ।

२. यो निर्णयको जानकारी दुवै पक्षलाई दिनु

३. यो निर्णयको नक्कल माग्न आएमा सरोकारवाला व्यक्तिलाई कानूनको रित पुऱ्याई दिनु ।

४. निर्णय सहितका कागजात अभिलेख बद्ध गरि राख्नु ।

| हेमराज गौतम | मणिरत्न तुलाधर | शम्भु बहादुर कार्की |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति सम्बत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ..............................................